राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३०८ २०८२ असार २० गते शुक्रवार (4 July 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## जनकपुरधामको सोनारपट्टी सुनसान
## सुनचाँदीमाथिको करविरुद्ध व्यापारीको आन्दोलनमा

दैनिक समाचारदाता
जनकपुरधाम, १९ असार । जनकपुरधामको सोनारपट्टी अर्थात सुनचाादी बजार अहिले सुनसान देखिन्छ । जनकपुरधामका सबै सुनचाँदी पसलमा ताला झुन्ड्याइएको छ र व्यापारीहरू सडक आन्दोलनमा उत्रिएका छन् ।

सरकारले बजेटमार्फत सुनचाँदी तथा हिरा(जवाहरातमा २ देखि १३ प्रतिशतसम्मको कर लगाउने निर्णय गरेपछि देशभरका सुनचाँदी व्यवसायीहरू आन्दोलित छन् ।

विवाहको सिजनमा सुनचाँदीको कारोबार उच्च हुने बेला पसलहरू बन्द हुँदा ग्राहकहरू बाध्य भएर सीमापार भारत



जान थालेका छन् । सुनचाँदी व्यवसायी पवन ठाकुरका अनुसार सरकारले सुनचाँदीलाई 'विलासिताको वस्तु' ठहर गर्दै कर लगाउनु अन्यायपूर्ण निर्णय हो । उहाँका अनुसार, "मूल्यमा २ प्रतिशत मात्र होइन, उपभोक्ताले अन्ततः करको भार स्वरूप ६ प्रतिशतसम्म थप मूल्य तिर्नुपर्छ, जुन प्रत्यक्ष रूपमा ग्राहकलाई असर पुर्‍याउने हो ।" उहाँले थपे, "यो करका कारण नेपाली बजारमा सुन भारतभन्दा १५(२० हजार रुपैयाँ महँगो पर्छ, जसले गर्दा भारतीय ग्राहक नेपाल आउन छाड्नेछन् र नेपालीहरू पनि भारतमा सुन किन्न जाने बाध्यता सिर्जना हुनेछ । अन्ततः यसले नेपाली सुनचाँदी व्यवसाय चौपट पार्नेछ ।"

व्यवसायीहरूको साझा भनाइ छ कि सुनचाँदी नेपाली जीवनशैलीसँग गहिरो रूपमा गाँसिएको छ । जन्म, विवाह, पूजाआजा वा अन्त्येष्टिसम्म यस वस्तुको प्रयोग अनिवार्यजस्तै रहेको सन्दर्भमा यसलाई विलासिता मान्नु सरासर अन्याय हो ।

बैंकबाट कर्जा नपाउने धेरैले घरमा भएको सुनचाँदी बेचेर विवाह, स्वास्थ्य उपचार र अन्य आवश्यक खर्च व्यहोर्ने गर्छन् । पसलहरू बन्द हुँदा विशेषगरी मध्यम वर्गीय परिवारहरू आर्थिक संकटमा परेका छन् ।

व्यवसायीहरूले सरकारको नीति अवैध तस्करी (स्मगलिङ) बढाउनेतर्फ उन्मुख भएको चेतावनी पनि दिएका छन् । ठाकुर भन्छन्, "करको नाममा जबर्जस्ती गर्दा सरकार आफैंले तस्करी बढाउने वातावरण बनाइरहेको छ ।"

सुनचाँदी व्यवसायीहरू एक स्वरमा भन्छन( कर खारेज नगरिए आन्दोलन अझ सशक्त बनाइनेछ । उनीहरूले सुनचाँदीलाई पूजागत र आवश्यक वस्तुको रूपमा मान्यता दिँदै हालैको कर निर्णय तुरुन्त फिर्ता लिन सरकारसँग माग गरेका छन् । जनकपुरका व्यवसायीहरूले असार १३ गतेदेखि निरन्तररूपमा आन्दोलन गरिरहेका छन् ।

## जनमत पार्टीमा पारिवारिक पहुँचको आरोप

दैनिक समाचारदाता
जनकपुरधाम, १९ असार । जनमत पार्टीको राष्ट्रिय उपाध्यक्ष पदमा हालै गरिएको मनोनयनले पार्टीभित्र तीव्र असन्तुष्टि र विवाद चुलिएको छ । स्थायी समिति सदस्य इन्जिनियर दीपक कुमार साहले सार्वजनिक प्रेस विज्ञप्ति जारी गर्दै पार्टी अध्यक्ष डा. सीके राउतलाई नेतृत्वमा पारिवारिक सञ्जाल हावी गराएको आरोप लगाएका छन् ।

साहका अनुसार अध्यक्ष राउतले आफ्ना पारिवारिक सदस्यहरूलाई योजनाबद्ध रूपमा शीर्ष नेतृत्वमा पुर्‍याउने कार्य २०७७ सालमै सुरु भएको हो। उनले उल्लेख गरेका छन् कि त्यसबेला राउतले आफ्नी पत्नी बबिता कुमारी राउतलाई पार्टी उपाध्यक्ष बनाउँदै प्रदेशसभाको उपसभामुखसमेत बनाएका थिए। हालै अध्यक्षकै दाजु डा. जय कान्त राउतलाई राष्ट्रिय उपाध्यक्ष पदमा मनोनयन गरिनु सोही प्रवृत्तिको निरन्तरता भएको साहको आरोप छ।

डा. जय कान्त राउतलाई यसअघि सांसदका उम्मेदवार, योजना आयोग सदस्य, राष्ट्रिय परिषद अध्यक्ष तथा संगठन विभाग प्रमुख जस्ता जिम्मेवारी दिइसकिएको उल्लेख गर्दै साहले यसप्रकारको पद वितरण गम्भीर प्रश्न उठाउने खालको भएको बताएका छन्।

साहका अनुसार, पार्टीको स्थापना र आन्दोलनमा योगदान गरेका इन्जिनियर कबिन्द्र यादव, इन्जिनियर सुरेन्द्र नारायण यादवजस्ता समर्पित नेताहरूलाई लगातार उपेक्षा गरिँदै आएको छ। उनले पात्रको मूल्यांकनभन्दा पारिवारिक पहुँचलाई प्राथमिकता दिने प्रवृत्तिले संगठनमा गहिरो असन्तुलन सिर्जना गरेको र कार्यकर्ताको मनोबल खस्किएको बताएका छन्।

साहले अध्यक्ष राउतनिकट स्थायी समिति सदस्य नरेन्द्र चौधरीका दाजु दानबहादुर चौधरीलाई पनि राष्ट्रिय उपाध्यक्ष

बाँकी पृष्ठ ३मा

## मधेश सरकारको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान संकटमा

दैनिक समाचारदाता
जनकपुरधाम, १९ असार । मधेश प्रदेश सरकारको प्रमुख सामाजिक कार्यक्रम 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान अन्तर्गत सञ्चालित छोरी शिक्षा बीमा( मुद्दती बचत खाता कार्यक्रम समेत बन्द भएको छ। चालु आर्थिक वर्ष २०८१/८२ मा अनलाइनमार्फत आवेदन दिएका ९ हजार ४५६ छोरीको बीमा हाल अन्योलमा परेको छ।

शिक्षा विकास निर्देशनालय जनकपुरधामका निमित्त निर्देशक महेन्द्र महतोका अनुसार, बैंकले माग गरेको बीमा प्रिमियम रकम प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले उपलब्ध नगराएकाले बीमा प्रक्रिया रोकिएको हो ।

अघिल्लो सम्झौता अनुसार ग्लोबल आइएमई बैंकमार्फत प्रति छोरी रु. ३७,४५७.६० मा बीमा हुँदै आएको थियो । तर, यस वर्ष दुईपटक टेन्डर गर्दा ग्लोबल आइएमई बैंकले रु. ९७,००० र प्राइम बैंकले रु. ९३,००० भन्दा बढीको प्रिमियम माग गरेपछि सम्झौता हुन सकेन । ब्याजदर घटेका कारण अघिल्लो दरमा बीमा गर्न नसकिने बैंकहरूको भनाइ रहेको छ ।

निमित्त निर्देशक महतोका अनुसार, उक्त प्रस्ताव एक महिना अगाडि नै शिक्षा मन्त्रालयमा पठाइएको भए पनि हालसम्म कुनै स्वीकृति नआएको छ । "मन्त्रालयको मौखिक आदेशपछि बजेटले धान्न नसकिने भन्दै १० करोड विनियोजित रकम पनि समर्पण गरिएको छ," महतोले बताए ।

### विगतमा सफल, अहिले संकटग्रस्त

अभियान संयोजक प्रियंका यादवका अनुसार, आर्थिक वर्ष २०७५/७६ यता १४ हजार ४५३ छोरीको बीमा भएको थियो । गत वर्ष मात्रै ३,७८३ छोरीको बीमा गरिएको थियो । अभियानले लोकसेवा तयारी कक्षा, साइकल वितरण, छात्रामैत्री शौचालय निर्माण, एसईई उत्कृष्ट छात्रालाई पुरस्कारजस्ता कार्यक्रम सञ्चालन गरे पनि पछिल्ला वर्षमा बजेट अभावका कारण एकपछि अर्को कार्यक्रम बन्द हुँदै गएका छन् ।

साइकल वितरणमा अनियमितता भएको भन्दै अख्तियारमा मुद्दा दर्ता भएपछि त्यो कार्यक्रम पहिल्यै बन्द भइसकेको छ । त्यसैगरी शौचालय निर्माण तथा लोकसेवा तयारी कक्षाजस्ता कार्यक्रमहरू पनि बजेट नपाएर रोकिएका हुन् ।

### बीमा कार्यक्रम पनि बन्द

छोरी शिक्षालाई प्रोत्साहन गर्न जन्मेको छोरीको तीन लाख

बाँकी पृष्ठ ३मा

"मेलमिलापद्वारा विवादको समाधान, जनकपुरधाम उप-महानगरपालिका न्यायिक समितिको अभियान"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४


न्यायिक समितिको अधिकारक्षेत्र

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) बमोजिम देहायको विवाद निरुपण गर्ने अधिकार हुनेछ :

(क) आलीधुरी, बाँधपैनी, कुलो वा पानी घाटको बाँडफाँड, तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजदुरी नदिएको,
(ङ) घरपालुवा पशुपंछी हराएको वा पाएका,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
(ज) वार्षिक पच्चीस लाख रुपैया सम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा
(झ) अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी, झारेको,
(ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्तष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको बाधा पुर्‍याएको,
(ड) संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य

त्यस्तै, दफा ४७ (२) अनुसार देहायको विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्ने अधिकार हुनेछ :

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अकासे चापी, मिची वा घुसाई खाएको,
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) पति-पत्नीबीचको सम्बन्ध बिच्छेद,
(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
(ङ) गाली बेइज्जती,
(च) लुटपिट,
(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,
(ज) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,
(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,
(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फर्याकी छिमेकीलाई असर पुर्‍याएको
(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।



किशोरी साह
उपप्रमुख

जनकपुधाम उप-महानगरपालिका
न्यायिक समिति
जनकपुरधाम, धनुषा, मधेश प्रदेश



## सम्पादकीय

# वर्षा नहुँदा अन्न उत्पादनमा गम्भीर चुनौती

मधेश प्रदेश, जसलाई नेपालकै "अन्नको भण्डार" मानिन्छ, त्यहाँको वर्तमान धान रोपाइको अवस्था अत्यन्तै चिन्ताजनक बन्दै गएको छ। कृषि विकास निर्देशनालय नक्टाभिजका अनुसार, हालसम्म आठ जिल्लामध्ये पाँच जिल्लामा मात्र औसत ४८.५ प्रतिशत क्षेत्रफलमा धान रोपाइ सम्पन्न भएको छ। बाँकी तीन जिल्लाको अवस्था अझै अज्ञात छ।

धान मुख्य बाली हो, जसले मधेशको जनजीवन मात्र होइन, मुलुकको खाद्य सुरक्षामा समेत महत्वपूर्ण भूमिका खेल्दछ। तर, जलवायु परिवर्तनका प्रभाव, सिंचाइको अभाव र सरकारी पूर्वतयारीको कमजोरीका कारण वर्षेनी धान उत्पादन जोखिममा पर्न थालेको छ।

धनुषा, सिरहा, बारा, पर्सा र रौतहट जिल्लाहरूको तथ्यांकले देखाउँछ कि सामान्य वर्षाको समयभित्र पनि अत्यल्प क्षेत्रमा मात्र रोपाइ सम्पन्न भएको छ। उदाहरणका लागि, धनुषामा मात्र १० प्रतिशत रोपाइ भएको छ, जहाँ कुल खेतीयोग्य जमिनमध्ये ४३ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा धान खेती गरिन्छ।

रोपाइ ढिलाइ हुनुको प्रमुख कारण समयमै पानी नपर्नु हो। यसले जलवायु संकटको गहिरो असरलाई उजागर गरिरहेको छ। विगतमा वर्षाका भरमा गरिँदै आएको खेती प्रणाली अब असुरक्षित बनिसकेको छ, तर पनि राज्यको कृषिसम्बन्धी रणनीति पुरानै ढर्रामा सीमित देखिन्छ।

यस अवस्थामा सरकारले वैकल्पिक सिंचाइको व्यवस्था, समयमै मलबीउको आपूर्ति, कृषि बीमा, मौसम पूर्वानुमान प्रणालीको मजबूती र किसानहरूलाई सूचनामूलक सेवा दिनुपर्ने आवश्यकता अझ बढी देखिएको छ। तर, अहिलेसम्म सरकारले मौसमप्रतिकूलतालाई दृष्टिगत गर्दै कुनै आकस्मिक योजना सार्वजनिक गरेको देखिँदैन।

बाली विकास अधिकृत सुदीप चौधरीका अनुसार, धेरै किसान अझैपनि वर्षाको प्रतीक्षामा छन्। तर केवल वर्षाको भरमा कृषकहरूको भविष्य राख्नु अब दीर्घकालीन दृष्टिकोणबाट आत्मघाती हुन सक्छ। यस्तो अवस्थामा, कृषि मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहबीच समन्वय गर्दै सिँचाइ पूर्वाधारको विकास, जल संचय प्रणालीको विस्तार, सोलार पम्पजस्ता वैकल्पिक उपायमा लगानी गर्न ढिलाइ गर्नुहुँदैन।

त्यस्तै, कृषि ज्ञान केन्द्रहरूले नियमित रूपमा अद्यावधिक विवरण नपठाउनु, तथा सम्बन्धित निकायले यसमा गम्भीरता नदेखाउनु गम्भीर लापरबाही हो। यस्ता कार्यशैलीले नीति निर्माणमा आवश्यक आधारभूत सूचना नै अभाव गराउँछ।

यदि अहिलेको अवस्था जस्ताको तस्तै रह्यो भने, केवल धान उत्पादनमै नभई, खाद्य सुरक्षामा ठूलो संकट, महँगीको चपेटा र ग्रामीण अर्थतन्त्रको धराशयी अवस्थासमेत देखापर्न सक्छ।

यसकारण, यो केवल 'धान रोपाइको ढिलाइ' भन्ने सामान्य खबर होइन, यो हाम्रो खाद्य सम्प्रभुतासँग जोडिएको गम्भीर चेतावनी हो। अबको बाटो स्पष्ट छ–जलवायु सन्देह होइन, सत्य हो। र त्यसअनुसार कृषि रणनीति तुरुन्त पुनर्संरचना गरिनु जरुरी छ। राज्यले किसानका पीडा सुन्ने मात्र होइन, समाधान दिने सक्रिय पक्ष बन्नुपर्ने बेला हो। मधेशका खेतबारीहरू फेरि हरियाली हुने हुन् भने, आजैबाट नीति, योजना र व्यवहारमा गम्भीर परिवर्तन आवश्यक छ।

# नीतिगत भ्रष्टाचारमा प्रदेश सरकार लिप्त



रामबाबु यादव

जसपा नेपालको नेतृत्वमा मधेस प्रदेश सरकार रहँदा विभिन्न विषयमा सरकारको आलोचना गर्नेहरू अहिले सरकारको नेतृत्वमा छन् । अहिले सरकारका काम-कारबाही कसरी अघि बढिरहेको छ भन्ने सबैले अनुभूति गरिरहेका छन् ।

जसपा नेपालको नेतृत्वमा प्रदेश सरकार हुँदा देश भर्खर सङ्घीयताको अभ्यासमा थियो । कर्मचारीको अभाव थियो । प्रदेशमा कर्मचारीलाई टिकाउनै गाह्रो थियो, व्यवस्थित कार्यालय थिएन । जेनतेन गर्दै थेग्दै थियौं अहिले त्यसभन्दा सुधार हुनुपर्ने हो तर सुधारको अनुभूति गर्न सकिएको छैन ।

मधेस प्रदेश सरकारको पुँजीगत बजेट कार्यान्वयनको अवस्था निकै नाजुक छ । यहाँ प्रदेश सरकारले नीतिगत भ्रष्टाचार गरेको छ । प्रदेश सरकारको योजना असारमा आएर कार्यान्वयन भइरहेको छ । घोषणा भएको ११ औं महिनामा योजना कार्यान्वयनमा जाने र एक महिनामै योजना सम्पन्न गर्ने गरी भएका काम बजेट सक्ने प्रयोजनबाहेक केही होइन ।

प्रदेशका योजनाहरूको चिठी सम्बन्धित कार्यालयबाट लिनुपर्नेमा सम्बन्धित मन्त्रीको पीएले बाँडिरहेको छ । यो धेरै गलत कुरा भयो । यसमा सत्ता पक्षकै साथीहरूले कुरा उठाएका छन् ।

असार लागेपछि योजना कार्यान्वयन गर्ने परिपाटीलाई तत्कालै अन्त्य गर्न सकिँदैन । यसका लागि नीतिगत रूपमै निर्णय गरेर गयो भने अन्त्य गर्न सकिन्छ । सम्झौता र भुक्तानीको विषयलाई कडाइका साथ पालना गयो भने सुधार हुनसक्छ । तर, यहाँ भुक्तानीप्रति बेइमानी देखिन्छ । सम्झौताप्रति त्यति बेइमानी देखिँदैन । जेठ २०-२५ गते पैसा किन निकासा गर्नुपर्‍यो ?  असार २० पछि भुक्तानी नगर्नु । जेठ १५ गतेसम्म पालिकाहरूमा विशेष र सशर्त अनुदानको पैसा आएको छ । पालिकाहरूले अहिलेसम्म त्यो बजेटको ठेक्का गरेको छैन, ठेक्काको आशय पत्र निकाल्न पाएको छैन ।

नगरप्रमुखहरूलाई काम गर्न जनताको प्रेसर छ । ५० लाखको बजेटमा टेन्डर प्रक्रियाबाट ३० लाखको काम भयो भने जनताले ५० लाखको काम गुणस्तरहीन भयो भनेर गाली गर्छन् । असार महिनामा हतारमा गरेको कामको गुणस्तरीय हुने कुरै भएन । उपभोक्ता समितिका पदाधिकारी इमानदार छन् भने केही ठाउँमा राम्रो पनि होला । यही काम ३/४ महिना अघिदेखि सुरु भएको भए राम्रो हुन्थ्यो । जसपा नेपालको नेतृत्वमा प्रदेश सरकार हुँदा हामीले फागुनसम्ममा काम सुरु गरिसकेका थियौं ।

प्रदेश सरकारले नयाँ कानुन बनाउन सकेको छैन । भएका कानुन कार्यान्वयन गर्न सकेको छैन । वर्षको ३० दिन पनि संसद् नचलाएको अवस्था छ । प्रदेश सरकारले प्रदेश सभालाई बिजनेस नै दिएको छैन ।

प्रदेश सभामा एक दिनमा वार्षिक नीति तथा कार्यक्रम पास हुन्छ, एक दिन बजेट प्रस्तुत गर्छ र १/२ दिनमा बजेट पास हुन्छ । जबकि प्रदेश सभामाथि धेरै ठुलो दायित्व हुन्छ । कानुन बनाउने, प्रदेशभित्र भइरहेका बेथिति, विकृति र घटनाहरूको प्रदेश सभामा उजागर गर्ने, त्यसमा सरकारलाई सचेत बनाउने, ध्यानाकर्षण गर्ने दायित्व प्रदेश सभाको हो । तर, सरकारले जनताको पक्षमा प्रेसर पार्ने काम गर्न विपक्षीलाई दिएको छैन । किनभने हाउसै नै चलेको छैन ।

विकासको बजेट ढुङ्गा, गिटी, वालुवामा खर्च गर्ने त्यो एउटा पाटो हो, हामी पछाडि परेको क्षेत्र- शिक्षा, स्वास्थ्य, कृषि र आर्थिक अवस्थालाई प्रदेश सरकारले सदनमा एक पटक पनि छलफलको विषय बनाउन सकेको छैन । बाल शिक्षादर, बाल विवाह, महिला हिंसा, नागरिकहरूबिचको द्वन्द्वको विषयमा सदनमा कहिल्यै छलफल हुँदैन । यस्ता विषयलाई बजेटमा समेट्न, कार्यान्वयनको योजना बनाउन सकेको छैन ।

जनताले पनि सरकारको दायित्व पुल बनाइदिने हो, बाटो ग्रेबल गरिदिने हो, ढलान गरिदिने, मन्दिर, मस्जिद र धर्मशाला बनाइदिने हो भन्ने मात्रै बुझे । सरकारले पनि आफ्नो दायित्व त्यतिमात्र हो भन्ने बुझेको छ ।

मुख्यमन्त्री कार्यालय तथा मन्त्रालयमा कार्यालय समयमा कर्मचारी भेटिँदैनन् । सरकारी कार्यालयमा गएर सेवा लिन जनतालाई सकस भइरहेको छ । प्रदेश सरकारका कार्यालयहरूको विकास खर्च र चालु खर्च कमजोर छ । मुख्य रूपले कृषि, पशु र स्वास्थ्य क्षेत्र प्रदेश सरकार मातहत छन् । शिक्षामा तीनै तहका सरकारको संयुक्त लगानी र दायित्व छ ।

कलैया पशु कार्यालयमा चालु आर्थिक वर्षका लागि आकस्मिक पशु उपचार गर्न वर्षभरको बजेट २५ लाख मात्रै आएको छ । यसमा पनि असार १० गतेसम्म टेन्डर भएको छैन । प्रदेश सरकारले कार्यालय प्रमुख दिन सकेको छैन । कर्मचारीबिच कामको बाँडफाँटलाई लिएर दैनिक झगडा हुन्छ ।

यस्तै कृषि ज्ञान केन्द्र कलैयाले कार्यक्रम सञ्चालन गर्न वर्षभरि प्रदेश सरकारकहाँ धाएको छ । उसले आएर जेठमा कार्यक्रम गर्न पाएको छैन । कार्यक्रम छ, अख्तियारी दिइरहेको छैन, निकासा दिएको छैन । अनि प्रदेश सरकार भन्छ- खर्च भएन ।

एकतर्फ खर्च नबढ्नु, अर्कोतर्फ निकासा नछोड्नु । दुवै कहीं न कहीं सरकारको नियतसँग बाझिएको छ । यसको मतलब प्रदेश सरकारले पैसा खर्च गर्नुभन्दा पहिला आफ्नो पोजिसन खोजिरहेको छ ।

कलैया अस्पतालमा रेबिजको भ्याक्सिन अभाव छ । त्यो कसको दायित्व हो ? प्रदेश सरकारको दायित्वभित्र पर्छ कि पर्दैन ? प्रदेशका मुख्यमन्त्रीचाहिँ निजी अस्पतालको अनुगमनमा निस्किएको हामी पाउँछौं । सरकार मातहत रहेका अस्पतालमा औषधि, डाक्टर छन् कि छैनन् भनेर चाहिँ कसले हेर्ने ? निजी अस्पताल अनुगमन गरेपछि केही फाइदा पाइने हो कि ! पहिला आफैं मातहतका कार्यालय दुरुस्त पार्ने, सेवा दिने, अनि मात्रै निजी अस्पताललाई आफ्नो मापदण्ड अनुसार तयार पार्नुपर्ने हो ।

प्रदेश मातहतका कार्यालयहरू आफैं मापदण्ड अनुसार बसेका छैनन् अनि अर्कालाई मापदण्ड अनुसार बस, काम गर भन्नु कत्तिको न्यायोचित हो ? अस्पताल अनुगमन गरेर मुख्यमन्त्री आफैंले फोन नम्बर दिँदै हिँड्नु भएको छ । यसको वास्तविकता के हो ? मुख्यमन्त्रीको एक निर्देशनले मधेस प्रदेशका ८ वटै जिल्लाका मापदण्ड विपरीत सञ्चालन भएका निजी अस्पताल बन्द हुन्छ । त्यो अधिकार छ उहाँलाई ।

प्रदेश सरकारले जनताको जीवनसँग गाँसिएको बाटोघाटो अलग पाटो हो, तर स्वस्थ रह्यौं, शिक्षित रह्यौं, हाम्रो आम्दानी भयो भने बरु धुलोमा हिँडौला ।

सबै सरकारको बजेट साउन १ गतेदेखि नै लागु हुन्छ । संवैधानिक व्यवस्था अनुसार असार १ गते प्रत्येक प्रदेशले आफ्नो वार्षिक बजेट सार्वजनिक गर्छ । आफूले लिएको नीति आफू मातहतका कार्यालयहरूले छिटो लागु गरोस् भन्ने विषय प्रदेश सरकारको दायित्व हो, तर नीतिभित्र प्रदेश सरकारको नियत के छ ?

चालु आर्थिक वर्षको बजेटमा कृषि स्वयंसेविका भनेर एउटा कार्यक्रम प्रदेश सरकारले ल्याएको छ । यो कार्यक्रम कृषि ज्ञान केन्द्र कलैयामार्फत एक हप्ताअघि मात्रै सूचना निकालेको फारम सङ्कलन गरेको छ । असार १ /२ गते फारम सङ्कलन गरेर कति दिन कार्यक्रम गर्छ ? त्यसैले यस्ता विकृतिलाई प्रदेश सरकारले सच्याउँदै जानुपर्छ ।

*(प्रतिनिधि सभाका पूर्वसदस्य तथा जसपा नेपालका मधेस प्रदेश अध्यक्ष यादवसँगको कुराकानीमा आधारित)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# विश्वकै ठुलो शालिग्राम शिला एक महिनादेखि डुबानमा



पर्वत, १९ असार । पर्वत, स्याङ्जा र गुल्मीको सङ्गम स्थलमा रहेको विश्वकै ठुलो शालिग्राम शिला विगत एक महिना यता डुबानमा परेको छ ।

मनसुन सुरु भएसँगै कालीगण्डकी नदीको सतह बढेका कारण शालिग्राम शिला डुबानमा पर्नुका साथै आसपासका संरचनासमेत भत्किएर जोखिममा परेको छ । शिलामा जाने बाटो, नजिकै रहेको सत्तल र परिक्रमा स्थल डुबिसकेको शालिग्राम विद्याश्रमका संरक्षक कुलराज तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार जेठ अन्तिम सातादेखि नै शालिग्राम शिला डुबानमा परेको हो ।

यतिबेला नियमित वर्षा भएकाले कालीगण्डकीमा पानीको सतह ह्वात्तै बढेको छ । शिला डुबानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितसमेत विस्थापित बनेका छन् भने नियमित पुजापाठ र दर्शन गर्न आउने भक्तजन पनि शालिग्राम शिला दर्शन गर्नबाट बञ्चित बनेका छन् ।

सेतीवेणीमा मिसिने सेतीखोलाको बहाव र कालीगण्डकी उच्च बहावले शिला परिक्रमा स्थलसमेत पूर्णरुपमा क्षतविक्षत बनेको स्थानीय तिलक पराजुलीले बताउनुभयो । पवित्र शालिग्राम शिलासँगै शालिग्राम क्षेत्रका सत्तल लगायतका सबै संरचना डुबानमा परेका छन् । शिला संरक्षणका लागि बनाएको तटबन्ध र ग्याबिन जालीसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जान रोक लगाइको छ ।

कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मीको सिमानामा पर्ने सेतीबेणीबजार डुबानको खतरामा पर्ने गरेको हो । कालीगण्डकी र सेतीखोलाको बहाव बढेसँगै सेतीबेणीबजार डुबानमा पर्ने चिन्ताले पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्जाको गल्याङ नगरपालिका वडा नं ५ तर्फको बजार क्षेत्रका झण्डै २०० व्यापारी तथा सर्वसाधरण त्रसित बनेका छन् ।

गत वर्ष साउनमा आएको बाढी बजारसम्म पुगेपछि एक घर भत्किनुका साथै आधा दर्जन घर विस्थापित बनेका थिए । कालीगण्डकी नदीलाई बहाव परिवर्तन नगरेसम्म जोखिम कायमै रहिरहने गल्याङ-५ का अध्यक्ष घनश्याम भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार गुल्मीतर्फबाट बहाव लगेर शालिग्राम शिलाको संरक्षण गर्नुपर्ने उहाँको माग रहेको छ ।

शालिग्राम शिला अवस्थित स्थानको नजिकमा रहेको स्याङ्जाको गल्याङ नगरपालिका, पर्वतको विहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले आवश्यक समन्वय गरेर सेतीवेणी क्षेत्रको संरक्षण गर्नुपर्ने विहादी गाउँपालिकाका अध्यक्ष प्रविन गुरुङले जानकारी दिनुभयो । रासस

## मधेश........

रुपैयाँको निःशुल्क बीमा गरिने कार्यक्रम नै अहिले बन्द भएपछि अभिभावक र सरोकारवालामा निराशा छाएको छ । अभियान अनुसार, बीमा गरिएका छोरीले एसईई पास गरी २० वर्ष उमेर पुगेपछि तीन लाख पाउने व्यवस्था छ, तर एसईई नदिई विवाह गरेको वा तोकिएको मापदण्ड नपुगेको अवस्थामा रकम भुक्तानी हुँदैन ।

आगामी वर्षको बजेट निराशाजनक

संयोजक यादवका अनुसार, वार्षिक रूपमा छोरी बीमाका लागि करिब २० करोड बजेट आवश्यक पर्छ । तर, आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेट वक्तव्यमा केवल १ लाख रुपैयाँ मात्र विनियोजन गरिएको छ ।

यस विषयमा मन्त्री रानीकुमारी तिवारी भन्छिन्, "बैंकहरूले धेरै प्रिमियम मागेपछि कर्मचारीहरूले मूल्याङ्कन प्रतिवेदनमा हस्ताक्षर गर्न मानेनन् । अब तेस्रोपटक टेन्डर गर्ने या राष्ट्रिय बीमा कम्पनीमार्फत बीमा गराउने विषयमा छलफल भइरहेको छ ।"

मन्त्री तिवारीका अनुसार बजेट शीर्षक राखिएको छ र आवश्यक परेपछि विविध शीर्षकबाट रकम रकमान्तर गरिनेछ ।

एक समय मधेश सरकारको जनप्रिय कार्यक्रमका रूपमा स्थापित भएको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान आज बजेट अभाव, प्रशासनिक जटिलता र निर्णयहीनताले दिशाहीन बन्न थालेको छ । नाबालिका छोरीहरूको भविष्यसँग प्रत्यक्ष जोडिएको यस्तो कार्यक्रम बन्द हुनु चिन्ताजनक मात्र होइन, राज्यको प्राथमिकताको उपेक्षा पनि हो । सरोकारवाला र अभिभावकहरूले पुनः अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सरकारसँग तत्काल पहल गर्न माग गरेका छन् ।

## जनमत.....

बनाइनु अर्को विवादास्पद निर्णय भएको टिप्पणी गरेका छन्। उनका अनुसार, दानबहादुर विगतमा पार्टीविरोधी गतिविधिमा संलग्न रहँदै अन्य दलसँग समेत आबद्ध थिए, र यस्तो पृष्ठभूमिका व्यक्तिलाई उच्च पदमा राख्नु पार्टीको आदर्श र मूल्यमाथिको प्रहार हो।

साहले आफ्नो विज्ञप्तिमा यसअघि पनि अध्यक्षसँग संगठनभित्र आन्तरिक लोकतन्त्र, पारदर्शिता र सामूहिक निर्णय प्रक्रियाको संरक्षण गर्न बारम्बार आग्रह गरिएको स्मरण गराएका छन्। तर पछिल्ला निर्णयहरूले आम जनतामा पार्टीप्रतिको विश्वास डगमगाउने खतरा उत्पन्न भएको उनको ठहर छ। विशेषतः संगठन विभाग प्रमुखजस्तो अति संवेदनशील जिम्मेवारीमा अहिलेसम्म कुनै गैरपारिवारिक व्यक्तिलाई अवसर नदिइनु र अध्यक्षकै दाजुलाई तीनवटा शीर्ष पद दिइनुले नेतृत्वशैलीमाथि गम्भीर पुनर्विचार आवश्यक रहेको साहको धारणा छ।

साहले जनमत पार्टीभित्र स्वस्थ आलोचना, आत्मसमीक्षा र सुधारको संस्कृति विकास नभएसम्म मधेशका जनताको आशा-अपेक्षाको नेतृत्व गर्ने हैसियत गुमिने चेतावनी दिएका छन्। साथै, यदि नेतृत्वले सन्तुलन कायम गर्न गम्भीर चासो नदिएको खण्डमा भविष्यमा पार्टीप्रतिको विश्वास गुम्ने र त्यसबाट उत्पन्न क्षतिको सम्पूर्ण जिम्मेवारी नेतृत्व स्वयंले लिनुपर्ने चेतावनी समेत दिएका छन्।




# MIT +2 को कक्षा ११ मा भर्ना सम्बन्धी सूचना

S.E.E. परीक्षामा उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई तथा शुभकामना !

शैक्षिक विशिष्टता एवम उत्कृष्टताको प्रतीक MIT मा विज्ञान, वाणिज्य तथा कानून संकाय तर्फ कक्षा ११ मा भर्नाको लागि जनकपुरधाम उपमहानगरपालिकाले निधारण गरेको छात्रवृत्ति सहित प्रवेश परीक्षा फारम वितरण तथा दर्ता प्रारम्भ भईरहका व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**भर्ना कार्यक्रम :**

- प्रवेश परीक्षा फारम वितरण र दर्ता - मिति २०८२/०३/१७ गते देखि
- प्रवेश परीक्षा - मिति २०८२/०४/०३ गते, बिहान ८ बजे देखि १० बजे सम्म
- प्रवेश परीक्षाको नतिजा प्रकाशन - मिति २०८२/०४/०७ गते, बेलुकी ४ बजे
- नामांकन - मिति २०८२/०४/०८ गते देखि




**द्रष्टव्य :** विशेष जानकारीको लागि **MIT** कार्यालयमा सम्पर्क गर्न हुन समेत सूचित गरिन्छ ।

प्राचार्य
MIT +2 CAMPUS, Janakpurdham-4,
Mob. No.: 9801670856, 9801670861, 9854025907, 9844005260
Phone No.: 041-425035, 041-426377
Email: mitcampus.jnk@gmail.com
Website: www.mitjnk.edu.np

- जनकपुरधाम देखि लोहना, नगराईन, घोडघाँस, फुलगम्मा, भ्रमरपुरा, बलवा सरपल्लो, कुर्था, महदैया, जलेश्वर, सुगा, भिठ्ठामोड, खैरबा, आबर, मटिहानी, एकरहिया, महेन्द्रनगर, ढल्केबर, तारापट्टी, धनुषाधाम, महुवा-कपिलेश्वर सम्म स्कूल बस संचालन भईरहेको छ ।




# अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035





- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

# रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ७४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३७४

## करेन्ट लागेर एकको मृत्यु

दैनिक समाचारदाता

रौतहट, १९ असार । रौतहटको फतुवा विजयपुर नगरपालिका-२, शीतलपुरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । बिहीबार बिहान ८ बजेको समयमा ३० वर्षीया रोहित साह सोनारको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

आफ्नै खेतमा मोटरबाट पानी हाल्ने क्रममा बिहान ७ बजेर १५ मिनेटमा मोटरबाट करेन्ट करेन्ट लागेर घाइते भएका सोनारलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल कलैया बारा लगिएको थियो ।

घाइते सोनारको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो । शवलाई पोस्टमार्टमका लागि अस्पतालमै राखिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक रायले बताउनुभयो ।

## उपभोक्ता अदालतको निर्णयप्रति चिकित्सकहरूको आपत्ति

दैनिक समाचारदाता

काठमाडौं, १९ असार । नेपाल चिकित्सक संघले उपभोक्ता अदालतसम्बन्धी पछिल्ला निर्णयप्रति चिन्ता व्यक्त गर्दै देशभरका सरोकारवालासँग विस्तृत छलफल गरेको छ।

विहीबार काठमाडौंमा आयोजित छलफल कार्यक्रममा विभिन्न अस्पतालका प्रमुखहरू, एसोसिएसन अफ प्राईभेट मेडिकल एन्ड डेन्टल कलेज (ब्र्क्ल), चिकित्सक समाज, विभिन्न विशेषज्ञ चिकित्सक संघ/सोसाइटीहरू, आवासीय चिकित्सक लगायतको सहभागिता रहेको थियो।

पछिल्लो समय उपचार प्रक्रियामा लापरवाहीको आरोपमा अदालतले चिकित्सक तथा अस्पतालहरूलाई करोडौं रुपैयाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला गरेकोप्रति चिकित्सकहरूले आपत्ति जनाएका छन्। उनीहरूले यस्तो निर्णयले स्वास्थ्य सेवा क्षेत्रमा नकारात्मक प्रभाव परेको बताएका छन्।

नेपाल चिकित्सक संघका अनुसार उपभोक्ता अदालतको निर्णयले चिकित्सकहरूलाई हतोत्साहित गरेको छ। संघका महासचिव डा. सञ्जीव तिवारीले स्वास्थ्य सेवा एउटा जटिल प्रक्रिया भएको उल्लेख गर्दै सामान्य



आरोपकै आधारमा चिकित्सकलाई दोषी ठहर गर्दै क्षतिपूर्ति निर्धारण गर्नु न्यायसंगत नहुने बताए।

उनले भने, "नेपाल सरकारले हरेक पेशाका लागि सम्बन्धित नियामक निकाय बनाएको छ। चिकित्सा पेशामा भएका विषय मेडिकल काउन्सिलमार्फत छानबिन हुनुपर्छ। स्वास्थ्य सेवा ठगीजस्तो होइन, जहाँ ढुङ्गा मिसाएर चामल बेचिएकोजस्तो व्यवहार गरिन्छ। अपरेशन गरेपछि घाउको खत देखियो भन्दै क्षतिपूर्ति माग्नु अव्यावहारिक हो।"

यसैगरी, नेपाल अर्थोपेडिक एशोसिएशनका वरिष्ठ उपाध्यक्ष प्रा. डा. दीपक कुमार दत्तले पनि नेपाल मेडिकल काउन्सिलको सल्लाहबिना उपभोक्ता अदालतले निर्णय लिनु चिकित्सकप्रति अन्याय भएको बताए।

उनले भने, "चिकित्सा क्षेत्रसँग सम्बन्धित विषयमा विशेषज्ञ काउन्सिलको सुझाव लिएर मात्र निर्णय गरिनुपर्छ। विज्ञको परामर्श बिना गरिएको फैसला चिकित्सकको मनोबल तोड्ने काम हो।"


कार्यक्रममा सहभागी अधिकांश चिकित्सकहरूले भविष्यमा यस्ता निर्णयहरूबाट उत्पन्न हुने संकट रोक्न कानुनी स्पष्टता र चिकित्सा क्षेत्रका विशेष प्रकृतिलाई ध्यानमा राखेर नीति निर्माण हुनुपर्ने सुझाव दिएका छन्।

नेपाल चिकित्सक संघले चिकित्सा क्षेत्रमाथि भएका न्यायिक हस्तक्षेपका विषयमा थप अध्ययन, संवाद र आवश्यक नीति समायोजनका लागि सम्बद्ध निकायहरूसँग पहल गरिने जनाएको छ।

## एडीबीको ऋण नलिने हर्क साम्पाङ राईको घोषणा

दैनिक समाचारदाता

धरान, १९ असार । धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ राईले एडीबीको ऋण नलिने घोषणा गरेका छन् ।



खानेपानी मन्त्रालयलाई पत्र लेख्दै यसअघि एडीबीबाट लिएको ऋण तिर्न बाँकी रहेकोले फेरि एडीबीको ऋण नलिने धरान उपमहानगरका मेयर साम्पाङले घोषणा गरेका हुन् ।

"कम्तीमा ३० वर्षसम्म पुग्ने खानेपानीको दीर्घकालीन योजनाका लागि सप्तकोशीको पानी धरानमा ल्याउन अनेकन चोटी मन्त्रालय धाएको स्मरण गराउँदै आव २०८२र८३ मा ४ करोड रुपैयाँ नेपाल सरकारले विनियोजन गरेको भन्ने जानकारी प्राप्त भयो तर बाँकी पैसा सबै एडीबीबाट ल्याउने भन्ने सुन्न र बुझ्नमा आएकोले देशलाई विदेशी ऋणको भारि बोकाएर उचित हुँदैन । धरान उपमहानगरपालिकाले पहिले लिएको एडीबीको ऋण समेत तिर्न बाँकी रहेको हुँदा आफ्नै राष्ट्रिय आम्दानीबाट खर्च गर्न सकेमात्र योजना अगाडि बढाउनु होला अन्यथा हामी आफैं खोला खोल्सीको पानी जोडेर गुजारा गरौंला भनी जानकारी गराउँदछु,' मेयर साम्पाङले मन्त्रालयलाई पठाएको पत्रमा छ ।

## मटिहानी नगरभित्रका सडक कालोपत्र गरिँदै

महोत्तरी, १९ असार । मटिहानी नगरपालिका-४ र ५ का मझौरा, बिसनपुर र गोबरौरा बस्तीका



सडकमा तीव्र गतिमा कालोपत्र भइरहेको छ । विकासको अवसरबाट पर रहेका यहाँका सर्वसाधारण बस्तीमा धमाधम सडक कालोपत्र हुन थालेपछि खुसी भएका छन् ।

"देखियौं, हमरो गाममें सडक पिच बैनरहल अई" (हाम्रो बस्तीको सडक पनि कालोपत्र हुँदैछ) धमाधम कालोपत्रे भइरहेको सडकतिर देखाउँदै मटिहानी-४ का चन्देश्वर रजकले भन्नुभयो, "आब गामक रुख बदैलगेल" (अब बस्तीको रूप बदलियो) । सडक कालोपत्र हुन थालेपछि यी बस्तीका बासिन्दा खुसी देखिन थालेका छन् ।

बिसनपुरका इशाक कवारीले भन्नुभयो, "इन्तजार कर परैछै, सबके दिन अबैछै" (पर्खन पर्दो रहेछ, सबका दिन आउँदा रहेछन्) । कालोपत्र हुन थालेपछि बस्तीको सौन्दर्य बढेसँगै आफूहरूको जीवन सहज हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । गोबरौराका शिव साहले सडक कालोपत्र भएसँगै कृषि उपज बजारसम्म पुऱ्याउन सहज हुनुका साथै व्यापार बढ्ने बताउनुभयो ।

सङ्घीय सरकार मातहतको सहरी विकास तथा भवन निर्माण विभागको सघन सहरी विकास कार्यक्रमअन्तर्गत मटिहानी-४ को मझौरा प्रवेशद्वारबाट बिसनपुर हुँदै मटिहानी-५ को गोबरौरासम्मको चार किलोमिटर सडकमा कालोपत्र गर्न थालिएपछि बस्तीका बासिन्दा खुसी छन् ।

कृषि उत्पादन सजिलै बजार पुग्ने र आपत्विपद्मा शीघ्र गन्तव्यमा पुगिने नगरप्रमुख हरिप्रसाद मण्डलले बताउनुभयो । कालोपत्र सम्पन्न भएपछि करिब १५ हजार जनसङ्ख्या लाभान्वित हुने उहाँले जानकारी दिनुभयो ।

सहरी विकास तथा भवन निर्माण विभागले करअतिरिक्त नगरपालिकालाई उपलब्ध गराएको रु २७ करोड ९९ लाख ७४ हजार ५७७ मध्ये मझौरा-बिसनपुर-गोबरौरा सडक कालोपत्रमा रु चार करोड खर्च हुने नगर कार्यपालिकाका प्राविधिक शाखाका प्रमुख इन्जिनियर विमलेश साहले बताउनुभयो । सडक विस्तार तथा कालोपत्र अन्य वडाबस्तीमा पनि गर्दै जाने उहाँको भनाइ छ ।

वर्षौंदेखि धुलो, हिलो र अव्यवस्थित सडकले यातायात, व्यापार, स्वास्थ्य सेवा र शिक्षाको पहुँचमा सास्ती खेपिरहेका मझौरा, बिसनपुर र गोबरौराका बासिन्दाका लागि सडक कालोपत्र सम्पन्न भएपछि दैनिकी सहज हुने मटिहानी-४ का वडाध्यक्ष अब्दुर गफार राइनले बताउनुभयो ।

कालोपत्रको नियमित अनुगमन गरिरहनुभएका नगरप्रमुख मण्डलले केही दिनभित्र काम सम्पन्न हुने जानकारी दिनुभयो । नगरका बस्तीबस्तीसम्म सडक सञ्जाल विस्तार र स्तरोन्नति गर्ने लक्ष्यका साथ नगरले काम गरिरहेको उहाँको भनाइ छ ।

नगरमा बढेको पूर्वाधार निर्माणले आफ्नो ठाउँ शीघ्र 'स्मार्ट सिटी' का रूपमा विकास हुने स्थानीयले अपेक्षा गरेका छन् । रासस


## जनहितमा जारी सूचना

### लागुपदार्थ दुर्व्यसन विरुद्ध एक साझा अभियान

सम्पूर्ण मधेस प्रदेशका विद्यालयमा अध्ययनरत विद्यार्थी भाइबहिनीहरु

सर्वप्रथम, तपाईंहरू सबैप्रति उज्वल भविष्यको शुभकामना व्यक्त गर्दछु। तपाईंहरू नै मधेस प्रदेश र सम्पूर्ण राष्ट्रको भविष्यका कर्णधार हो । तपाईंहरूको ज्ञान, उत्साह र सपना नै समृद्ध मधेसको आधारशिला हो । तर, आज हाम्रो समाजमा लागुपदार्थ दुर्व्यसन एउटा गम्भीर संकटको रूपमा उभिएको छ। यो एक यस्तो खतरनाक दलदल हो, जसले एकपल्ट पसेपछि व्यक्तिको जीवन, शिक्षा, भविष्य र सम्पूर्ण समाजलाई विनाशतर्फ लैजान्छ। यसै सन्दर्भमा, मधेस प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयको तर्फबाट निम्नलिखित महत्त्वपूर्ण सन्देश सम्पूर्ण विद्यार्थीहरूलाई जानकारी गराइन्छ।

**'नाइँ' भन्न सिकौं :**

- यदि कुनै साथी वा चिनेजानेको व्यक्तिले लागुपदार्थ प्रयोग गर्न दबाब दिन्छ वा प्रलोभन देखाउँछ भने साहसका साथ 'नाइँ' भन्नुहोस्। एउटै गल्तीले जीवनभरको पछुतो निम्त्याउन सक्छ।

**सचेत रहौं, सजग बनौं :**

- क्षणिक कौतुहलता, रमाइलो वा साथीको दबाबमा लागेर गलत बाटो नछानौं। लागुपदार्थको असरबारे जानकारी राखौं र अरूलाई पनि जानकारी दिऔं।

**सिर्जनात्मक गतिविधिमा संलग्न बनौं :**

- खाली समयलाई पढाइ, खेलकुद, संगीत, चित्रकला, साहित्यजस्ता सकारात्मक र सिर्जनशील कार्यमा लगाऔं। यसले तपाईंको आत्मबल वृद्धि गर्छ र गलत संगतबाट टाढा राख्छ।

**खुलेर कुरा गरौं :**

- कुनै मानसिक तनाव, जिज्ञासा वा समस्यामा परेमा आफ्नो अभिभावक, शिक्षक वा भरपर्दो साथीसँग निःसंकोच कुरा गरौं। समस्या लुकाउनु समाधान होइन; सहयोग माग्नु कमजोरी होइन, बुद्धिमत्ता हो।
- शिक्षा तथा संस्कृति मन्त्रालय, मधेस प्रदेश सरकार, विद्यालयहरूमा लागुपदार्थमुक्त, सुरक्षित र स्वस्थ शैक्षिक वातावरण निर्माण गर्न पूर्ण रूपमा प्रतिबद्ध छ। तपाईंहरूको संरक्षण र समुचित मार्गनिर्देशन हाम्रो पहिलो प्राथमिकता हो। आउनुहोस्,
- हामी सबै मिलेर लागुपदार्थ दुर्व्यसनविरुद्ध एक बलियो पर्खाल बनाऔं र हाम्रो उज्यालो भविष्यलाई सुरक्षित गरौं।

**स्वस्थ र सक्षम विद्यार्थी नै समृद्ध मधेस र सबल राष्ट्रको आधार हुन्।**



रानी शर्मा तिवारी

मन्त्री

शिक्षा तथा संस्कृति मन्त्रालय

मधेस प्रदेश सरकार, जनकपुरधाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४